**बाणगङ्गा नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

## शिक्षा, युवा तथा खेलकुद शाखा

**बाणगङ्गा, कपिलवस्तु**

**पत्र संख्याः** ०८१।८२

**चलानीः** २४०

मिति : २०८१.०५.२०

**<u>यो जस संग सम्बन्धित छ।</u>**

विषय:- रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्वन्धी सूचना ।

जिल्ला कपिलवस्तु बाणगंगा नगरपालिका अन्तर्गत श्री राम आधारभुत बिद्यालय पडरियामा रिक्त भएको प्राथमिक तहको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइ दिनु भनी विद्यालयको च.न.०४ मिति २०८१।०४।२९ गतेको पत्रवाट अनुरोध भइ आएकोले सम्वन्धित तहको योग्यता पुगेका स्थायी शिक्षकहरुवाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र शिक्षा नियमावलीको अनुसूचि १७ बमोजिमको ढाँचामा सम्वन्धित बिद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्वन्धी निर्देशिका २०८१ को दफा ९ वमोजिम निवेदन संकलन गरि कार्यविधि अनुसार गर्नका लागि बाणगंगा नगर शिक्षा समितिको मिति २०८१।०५।१९ गतेको वसेको वैठकवाट निर्णय भए अनुसार सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ।

पुनश्च :

१. तोकिएको म्याद भित्र विद्यालयमा निवेदन पेश गर्न सकिनेछ।
२. म्याद नाघी वा तोकिए वमोजिमको रित्त नपुगी आएका निवेदन माथि कुनै कारवाही हुने छैन।

भक्तिराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

भक्तिराम मरासि
प्रमुख प्रशासकीय अधि

<u>बोधार्थ</u>
श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुर ।
श्री शिक्षा विकास तथा समन्वय इकाइ, कपिलवस्तु ।
श्री राम आधारभुत बिद्यालय, पडरिया बाणगंगा न पा ९ कपिलवस्तु ।

**नोट : निवेदनका साथमा संलग्न हुनु पर्ने कागजातहरु**

(१) शुरु स्थायी नियुक्ति
(२) हालको विद्यालयमा वहाल भएको प्रमाणित पत्र
(३) सम्बन्धित पालिकाको सहमति पत्र
(४) अनुसूचि १७ अनुसारको विवरण
(५) सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइको सहमति पत्र
(६) नेपाली नागिरक्ताको प्रतिलिपी र स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपी ।
(७) थप जानकारीका लागि प्र अ ओमलाल गिरी ९८५७०७१३६०